# डढेलो तथा आगलागी नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना

## २०८१/०८२

## जिल्ला सुरक्षा समिति

१. प्र.जि.अ., प्रकाशचन्द्र अधिकारी, जिल्ला प्रशासन कार्यालय, तेह्रथुम
२. सेनानी, प्रम्धुन कार्की, नेपाली सेना म्याङलुङ ब्यारेक शत्रुमर्दन गुल्म
३. प्र.ना.उ., लिलाराज लामिछाने जिल्ला प्रहरी कार्यालय, तेह्रथुम
४. स.प्र.ना.उ.,किरण प्रकाश खत्री, सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म हे.क्वा.,
५. प्र.अ.अ. सबिना राई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम
६. स.प्र.जि.अ., बिक्रम लिम्बु, जिल्ला प्रशासन कार्यालय, तेह्रथुम

# विषयसुची

१. तेह्रथुम जिल्लाको संक्षिप्त परिचय
  १.१ जिल्लाको भौगोलिक र साँस्कृतिक अवस्था
  १.२पृष्ठभूमी
  १.३ जिल्लामा हुने मुख्य-मुख्य विपद्हरु
२. बन डढेलो लगायत आगोलागीबाट भएको मानवीय  तथा भौतिक क्षति विवरण
  २.१ विपद् संकटासन्नता अवस्था
३.उद्देश्य
४.वन डढेलोका व्यवस्थापनमा देखिएका चुनौतीहरु
५.वन डढेलो रोकथाम र नियन्त्रणका उपाय
६. प्रतिरक्षात्मक उपायहरु
  ६.१ प्रचारप्रसार
७. सिमीतताः
८.विस्तृत कार्ययोजनाः
  ८.१ प्रचार प्रसार एवं घर दैलो कार्यक्रम
  ८.२ वन डढेलो सम्बन्धमा सरोकार निकायहरुसंगको समन्वय
  ८.३ आगलागी नियन्त्रण संयन्त्रको विकास
  ८.४ संचारकर्मीहरुसँगको हातेमालो कार्यक्रम
  ८.५ विपदव्यवस्थापन समिती र सरोकारवालाहरुसँगको समन्वय
  ८.६ आगलागी नियन्त्रणको लागि (Action team) गठन
  ८.७ राहत उपलब्धताको लागी पहल गर्ने
९. निष्कर्ष

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

## १.तेह्रथुम जिल्लाको संक्षिप्त परिचय:

स्वच्छ वातावरण र प्राकृतिक सौन्दर्य कायम राख्नको लागि वन क्षेत्र अत्यावश्यक छ। देशको कुल भु-भागको करिब ४५ प्रतिशत भन्दा बढी क्षेत्रफल ओगटेको वन वन्यजन्तु, कृषि, पर्यटन उद्योग, जलस्रोत र भौतिक पूर्वाधारको मेरुदण्डको रुपमा रहेको छ। वनको संरक्षण र व्यवस्थापनमा पघिल्लो समयमा वन डढेलो, अति चरिचरण, वन अतिक्रमण जस्ता विभिन्न मानव सृजित क्रियाकलापहरु ठूलो चुनौतीका रुपमा देखा पर्दै गएको अवस्था छ। विगत केही वर्ष देखि वन डढेलो एक प्रकोपको रुपमा बढ्नाले जैविक विविधताको महत्वपूर्ण स्रोतको रुपमा रहेको वन क्षेत्रलाई नोक्सानी पुग्दै गएको छ । नविकरणीय उर्जाको स्रोतको रुपमा रहेको वन क्षेत्रको विनास र क्षयीकरण हुनुमा वन डढेलो/आगलागी एक प्रमुख कारकको रुपमा रहेको पाइन्छ। हेरक बर्ष सुख्खायामको सुरुवातसँगै बढ्ने डढेलोको प्रकोपबाट ठुलो मात्रामा प्राकृतिक तथा मानवीय क्षति भइरहेको छ। वन डढेलोका कारण बढ्दै गएको सामाजिक, आर्थिक तथा वातावरणीय क्षतिलाई न्यूनिकरण गर्दै जैविक विविधता तथा नविकरणीय उर्जाको स्रोतको संरक्षण गरी जलवायु परिवर्तनमा पर्न सक्ने नकारात्मक असरलाई न्यूनिकरण गर्न राष्ट्रिय स्तरबाटै वन डढेलो नियन्त्रणका लागि सबै सरोकारवालाको प्रतिवद्धता सहित समस्या समाधानको लागि कार्यमूलक एवं नजितामूलक प्रयासका साथै समन्वयात्मक, साझा र दिर्घकालिन अवधारणा अवलम्बन गर्नु पर्ने देखिन्छ ।

वन अतिक्रमणकारीहरु लगायत विभिन्न व्यक्तिहरुले वन क्षेत्रमा लगाउने गरेको आगो तथा वनमा नयाँ पालुवां पलाउँछ भनि वन क्षेत्रमा आगो लगाई दिने गरेको कारण पटक-पटक वन डढेलो लाग्ने गरेको पाइन्छ। वन डढेलोको कारण यस कार्यालयको जिम्मेवार क्षेत्रमा हाल सम्म मानवीय क्षति नभएको भएता पनि उल्लेख्य मात्रामा धनको क्षति हुनुका साथै जैविक विविधता तथा वातावरणमा नकारात्मक असर परेको देखिन्छ। वन डढेलो कारण प्रत्येक वर्ष वन क्षेत्रका साथै आसपासका गाउँ बस्तीहरुमा जोखिमपूर्ण अवस्था सिर्जना भईरहेको छ। यस प्रकारको जोखिमपूर्ण अवस्थालाई न्यूनिकरणका लागि डढेलोको मौसम सुरु हुन पुर्व तयारीका लागि डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह तथा स्थानीय स्तरमा रहेका सरोकारवाला निकायबीचको समन्वयमा डढेलो नियन्त्रण पुर्व तयारी योजना तयार पारी विभिन्न पूर्व तयारीका क्रियाकलापहरु जस्तै प्रचारप्रसार, जनचेतना वृद्धि, ज्वलनशील पदार्थको व्यवस्थापन, अग्नी

नियन्त्रण सामग्रीहरुको व्यवस्थापन, अग्नी रेखा निर्माण लगायतका कार्यहरु संचालन हुन अत्यावश्यक रहेको छ। यस प्रकारको पुर्व तयारीका वावजुत डढेलो लागेमा सम्पुर्ण सरोकारवाला निकायको सहभागितामा यसलाई नियन्त्रण गर्नुको विकल्प छैन। सर्वप्रथम आम नागरिकहरुमा डढेलो लाग्नै नदिने सकारात्मक सोचको विकास गर्न नितान्त आवश्यक छ । डढेलोबाट करोडौको वन जंगल हानी नोक्सानी हुने, मानवीय क्षति हुने हुँदा समयमै यसलाई न्यूनिकरण गर्ने प्रयास गर्नु नितान्त आवश्यक छ। वन, वातावरण र पर्यावरणसँग सरोकार राख्ने संघ-संस्था, नागरिक समाज, सामुदायिक वनका उपभोक्ता, सुरक्षा निकाय तथा वन कर्मचारीहरुको संयुक्त प्रयास नै वन डढेलो हुनै नदिने, भएमा तत्कालै नियन्त्रणमा लिने उययुक्त विकल्प हो ।

सुख्खा यामको शुरुवातसँगै यस तेह्रथुम जिल्लाको विशेष गरी छथर गाउँपालिका र आठराई गाउँपालिकाको क्षेत्रहरुमा डढेलोको डरले वर्षेनी सताई रहन्छ। माछा मार्ने र पकाएर खाने वहाना वा गोठालाहरुले सल्काएर फ्याँकेका चुरोटका ठुटाहरुले साथै जंगलमा घाँस राम्रो आउँछ भन्ने आम धारणाका कारण आगलागी हुने गरेको पाईन्छ। आगलागीबाट हुने उल्लेखित क्षतीलाई कम गर्ने उद्धश्यले यस कार्ययोजना (Action- plan) को निर्माण गरिएको छ।

## १.१ जिल्लाको भौगोलिक र साँस्कृतिक अवस्था

यस जिल्लाको पूर्वमा ताप्लेजुङ्ग र पाँचथर, पश्चिम संखुवासभा र धनकुटा, उत्तर ताप्लेजुङ्ग र संखुवासभा, दक्षिणमा धनकुटा र पाँचथरसँग सिमाना जोडिएको छ। यस जिल्लाको कुल क्षेत्रफल ६७९ वर्ग किलो मिटर रहेको छ। २०६८ मा तेह्रथुम जिल्लाको जम्मा जनसंख्या १०१५७७ बाट घटेर २०७८ को राष्ट्रिय जनगणना अनुसार जम्मा जनसंख्या ८८७३१ रहेको छ।

यस जिल्लामा लिम्बु ३६%, क्षेत्रि १९%, बाहुन ११% लगायत अन्य राई, नेवार, तामाङ, गुरुङ, दमाई जातजातिहरु समेत गरी ३४% जातिहरू भएतापनि लिम्बु जातिहरुको बाहुल्यता रहेकोले धान नाच, च्याब्रुङ नाच जस्ता सांस्कृतिक कार्यक्रमहरु बढिमात्रामा हुने गरेको छ। यस बाहेक राष्ट्रिय चाडपर्व दशै र तिहार समेत मनाउने गरेको। समग्रमा यस जिल्लामा विभिन्न जात जातीहरु तथा धर्मावलम्बीहरूको बसोबास भएतापनि धार्मिक, सांस्कृतिक सहिष्णुता कायम रहेको पाईन्छ।

## १.२ पृष्ठभूमी

तेह्रथुम जिल्ला उत्तरी अक्षांश-२६'६६" देखी २७'३०" सम्म पुर्वी देशान्तर- ८७'२५" देखी ८७'४५" सम्म फैलिएको यसको क्षेत्रफल ६७९ वर्ग किलो मिटर छ। यस जिल्लाको सिमाना पूर्वमा ताप्लेजुङ र पाँचथर, पश्चिममा संखुवासभा र धनकुटा, उत्तरमा ताप्लेजुङ्ग र संखुवासभा, दक्षिणमा धनकुटा र पाँचथर संग जोडिएको छ। यस जिल्लाको घर धुरी संख्या २१८५७ जनसंख्या पुरुषः ४३५८१ जना, महिलाः ४५१५० जना कुल जनसंख्याः ८८७३१ जना रहेको छ। नेपालको पूर्वी पहाडमा अवस्थित यस जिल्ला भौगोलिक रुपले बिकट तथा दुर्गम रहेतापनि सबै समुदाय तथा जातजाति बिच आपसी सदभाव र सौहार्दपुर्ण वातावरणमा बसोबास रहेको पाइन्छ। यस जिल्लालाई लालिगुँरासको राजधानीको रुपमा चिनिन्छ। यस जिल्लामा उत्पादित ढाका नेपालकै सबै भन्दा राम्रो मानिन्छ। नगरपालिका २ र गाउँपालिका ४ गरी जम्मा ६ वटा स्थानीय तह रहेको छ। यस जिल्लामा ह्यात्रुङ्ग झरना रहेको कारणले पनि यसको महत्व झन् बढेको पाईन्छ। राजनैतिक रुपमा प्रतिनिधि सभा सदस्य एक र दुई प्रदेश सभा सदस्यमा विभाजन भएको छ।

तेह्रथुम जिल्लाको नामाकरण स्व. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिसकेपछी जग्गाको तिरो भरो उठाउने व्यवस्थासंग सम्वन्धित रहेको पाईन्छ। पृथ्वीनारायण शाहको विजय अभियानको क्रममा गोर्खाली सेनाले खुम्वुवान क्षेत्रमा विजय गरिसकेपछी वि.सं. १९५२ मा यस क्षेत्रका लिम्वुहरुले नेपाल सरकारको आश्रयमा बस्न स्वीकार गरेको बुझिन्छ। त्यस वखत लिम्वुवान क्षेत्र सत्रथुम अन्तर्गत पर्दथ्यो र धनकुटा गौडा अन्तर्गत रहि तिरोभरो धनकुटा गौडामा बुझाउनु पर्ने थियो। तत्पश्चात वि.सं. १९५२ सालमा सत्रथुम मध्ये मित्लुङ्गापहाड, जलहरा, वेलहरा र छथरथुम धनकुटामा रही बाँकी आठराइ र फेदाप, माङ्गरुप, पाँचथर, ताप्लेजुङ्ग, मेवाखोला, माईखोला, तमोरखोला, पाँचखपन, दशमझिया, चैनपुर, सभा उत्तर, संखुवा उत्तर गरी १३ (तेह्र) थुमको तिरो उठाउने गरी तेह्रथुम मालको स्थापना भएको पाईन्छ। वि.सं.२०१८ सालमा नेपाल अधिराज्यलाई ७५ जिल्लाहरुमा विभाजन गरिदा तेह्रथुम अन्तर्गत पर्ने क्षेत्रलाई ताप्लेजुङ्ग, पाँचथर, संखुवासभा र तेह्रथुम गरि ४ वटा जिल्लामा छुट्टाईएको थियो। १३ वटा थुम मध्ये यस जिल्लामा आठराई, फेदाप, माई खोला र धनकुटा जिल्लामा रहेको छथरथुमको पुर्वी भाग मात्रको क्षेत्रफल कायम रहेतापनि साबिक माल उठाउने माल अड्डा यसै जिल्लाको क्षेत्रमा परेको हुँदा यो जिल्लाको नाम तेह्रथुम रहन गएको हो। २०२३ साल

देखी जिल्ला प्रहरी कार्यालय, तेह्रथुमले यस जिल्लामा शान्ति सुरक्षा प्रदान गर्दै आईरहेको छ।

स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ। जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायमगर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुरहरु, उपभोक्ता हित लगायत विशेष ऐनहरुले अधिकार प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यहरुमा शुरु कार्वाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय तथा सहजीकरण गर्ने जिल्ला प्रशासन कार्यालय, तेह्रथुमका मुख्य मुख्य कार्यहरु हुन। यस कार्यालयका कार्यहरूमध्ये जिल्लामा शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गर्नु प्रमुख प्राथमिकतामा रहेको छ। नेपालको संविधान २०७२ ले राखेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको मर्म तथा सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूती गर्ने नीति अनुरुप तेह्रथुम जिल्लामा घट्न सक्ने सामाजिक अपराधका क्रियाकलापहरु न्यूनीकरण गर्दै अपराध रहित समाजको परिकल्पना गर्ने, सञ्चालित विकास आयोजनाहरुको निर्माण तथा सञ्चालन निर्वाध रुपमा गर्ने वातावरण सिर्जना गर्ने, पर्यटकीय सुरक्षाका माध्यमबाट पर्यटकहरुको आवागमन दर वृद्धि गर्न सहजीकरण, सीमाजन्य अपराधहरु न्यूनिकरण साथै तेह्रथुम नाकाको व्यवस्थापन, सुरक्षा गरी अवैध चोरीपैठारी, काठ तस्करी, वन्यजन्तु साथै जडिबुटी नियन्त्रण समेत गर्ने कार्यलाइ प्रभावकारी वनाउन तथा अवान्छित गतिविधिहरु नियन्त्रण गर्ने कार्यमा जिल्ला स्थीत सबै सुरक्षा निकायहरु आवश्यकता अनुसार परिचालन गर्ने गरिएको छ।

## १.३ जिल्लामा हुने मुख्य-मुख्य विपद्हरु

विगतका वर्षहरुमा यस जिल्लामा विपद् बाट भएको भौतिक तथा मानवीय क्षतिलाई मुल्याङ्कन गर्दा मुख्यतया आगलागी, हावाहुरी, बाढीपहिरो, चट्याङ्ग, भूकम्प जस्ता प्राकृतिक विपद् बाट ठूलो धनजनको क्षति भएको पाईन्छ। यस्ता विपद्लाई पूर्ण रुपमा रोकथाम गर्न नसकिएता पनि विपद् बाट हुनसक्ने सम्भावित जोखिम, भौतिक र मानवीय क्षतिलाई न्यूनीकरण गर्न सम्भव छ।

# २.बन डढेलो लगायत आगोलागीबाट भएको मानवीय तथा भौतिक क्षति विवरण

तेह्रथुम जिल्लाको स्थानिय तहगत आ.व. ०७९/०८०, ०८०/०८१ र ०८१/०८२ पुष महिनासम्मको आगो लागी सम्बन्धी विवरणः-

| स्थनिय तह | आ.व. | घटना संख्या | घर | गोठ | मानिस मृत्यु | घाईते | चौपया मृत्यु | वन | क्षतिको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| फेदाप | ०७९/०८० | ३ | २ | २ | - | १ | १ | १ | रु.५३,०५००।- | |
| गा.पा. | ०८०/०८१ | ९ | १८ | ३ | - | - | - | - | रु.८,५०,०००।- | |
| | ०८१/०८२ | १ | १ | - | - | - | - | - | रु.१२,००,०००।- | |
| आठराई | ०७९/०८० | ५ | २० | १ | - | १ | १७ | ३ | रु.२,२३,५७,८००।- | |
| गा.पा. | ०८०/०८१ | ८ | ६ | १ | - | - | - | - | रु.१०,००००। | |
| | ०८१/०८२ | २ | १ | - | - | - | - | १ | रु.५,०००००।- | |
| मेन्छयायेम | ०७९/०८० | - | - | - | - | - | - | - | - | |
| गा.पा. | ०८०/०८१ | १ | १ | - | - | - | - | - | रु.५,०००००।- | |
| | ०८१/०८२ | २ | २ | - | - | - | - | - | रु.१३,९००००।- | |
| छथर | ०७९/०८० | १९ | १४ | १२ | २ | ४ | ६ | ११ | रु.१,३९,७५८००।- | |
| गा.पा. | ०८०/०८१ | १६ | ७ | २ | - | - | १३ | १ | रु.३०,४००००।- | |
| | ०८१/०८२ | - | - | - | - | - | - | - | - | |
| म्याङलुङ | ०७९/०८० | १३ | ५ | ३ | - | - | १५७ | ६ | रु.१,०१,९२१२१।- | |
| न.पा. | ०८०/०८१ | ७ | ४ | १ | - | - | १ | - | रु.७०,२००००।- | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०८१/०८२ | १ | - | - | - | - | - | - | रु.३६,९०००।- | |
| लालीगुँरास | ०७९/०८० | ५ | १८ | १२ | - | १ | १ | १ | रु.९३,३५,०००।- | |
| न.पा. | ०८०/०८१ | २ | १ | - | - | - | - | १ | रु.१०,५२०००।- | पन्छी ३० |
| | | | | | | | | | | |
| | ८१/०८२ | - | - | - | - | - | - | - | - | |
| जम्मा | ०७९/०८० | ४५ | ५९ | ३० | २ | ७ | १८२ | २२ | रु.५,६३,९१,२२९।- | |
| | ०८०/०८१ | ४३ | ३७ | ७ | ० | ० | १४ | २ | रु१,७५,१०,०००।- | |
| | ८१/०८२ | ६ | ४ | ० | ० | ० | ० | १ | रु.३४,५९,०००।- | पुष महिनासम्म |

## २.१ विपद् संकटासन्नता अवस्था

| विपद्को प्रकार | संकटासन्नता क्षेत्र न.पा.गाउँपालिका | | | | | | विपद् क्षेत्रको पहिचानको आधार |
|---|---|---|---|---|---|---|---|
| | म्याङलुङ न.पा. | लालीगुराँस न.पा. | छथर गा.पा. | मेन्छ्यायेम गा.पा. | फेदाप गा.पा. | आठराई गा.पा. | |
| आगलागी/डढेलो | वडा नं १, २, ३ र १०, | वडा नं. ६ र ८ | वडा नं २ हमरजुङ वडा नं ३ पञ्चकन्या, वडा नं ४ फाक्चामारा र वडा नं ५ ओखे | | वडा नं १ सिम्ले, २ ओयाक्जुङ्ग र ३ जलजले | वडा नं ४ इवा, वडा नं ५ छातेढुंगा, वडा न ६ चुहानडाँडा, वडा नं ७ थोक्लुङ | विपद्को बारम्बारताको आधार, बाक्लो बस्ती, सुख्खा क्षेत्र, फुसको छानो भएका घर हुनु, चेतनाको कमी |

३.उद्देश्य :

- वन डढेलोको बारेमा आम नागरिकहरुलाई जानकारी गराउने,
- विगतका घटनाका आधारमा रणनीति तयार गरी कार्यान्वयन गर्ने,
- सम्पूर्ण सरोकारवालाको सहभागितामा डढेलो नियन्त्रण गर्ने,
- डढेलो नियन्त्रण कार्यमा खटिने वन प्राविधिक, सुरक्षा निकाय तथा उपभोक्ता लगायतको जनशक्तिहरुलाई Well Equipped बनाउने,
- सबै प्रकारका विधी  र माध्यमबाट प्रभावकारी सचेतना अभिवृद्धी गर्ने,
- वन डढेलो रोकथाम र नियन्त्रणमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य राखी कार्य गर्ने,
- छलफल, अन्तरक्रियालाई विशेष प्राथमिकता दिई कार्यान्वयनमा जोड दिने,
- सामुदायिक वनका उपभोक्ताहरुलाई वन डढेलो नियन्त्रणमा क्रियाशिल एवं सकृय बनाउने,
- डढेलो नियन्त्रण सम्बन्धी प्राविधिक पक्षको बारेमा सबैलाई सु-सुचित गर्ने,
- डढेलोबाट हुन सक्ने जोखिमको बारेमा अग्रिम जानकारी लिई पूर्व तयारी गर्ने,
- घर दैलो कार्यक्रम गरी आगलागी नियन्त्रण सम्बन्धी जनचेतना फैलाई क्षतीलाई न्यूनिकरण  गर्ने ।
-

**४.वन डढेलोका व्यवस्थापनमा देखिएका चुनौतीहरुः**

- वन डढेलो निभाउने आधुनिक सामाग्री तथा औजार पर्याप्त नहुनु,
- डढेलो निभाउन बजारमा उपलब्ध सामाग्रीहरु महंगो हुनु र भएको पनि गुणस्तरिय नहुनु,
- डढेलो निभाउने दक्ष तालिम प्राप्त जनशक्ति नहुनु,
- सबै नागरिकमा वन डढेलोको असर र प्रभावका साथै नियन्त्रणका उपायहरुका प्रभावकारी रुपमा प्रचार प्रसार हुन नसक्नु,
- गरिबी, अशिक्षा र सामाजिक रुढीबादी परम्पराले जरो गाडेको कारण मानिसहरुलाई वन डढेलोको बारेमा बुझाउन कठिनाइ हुनु,
- दुर्गम ठाँउमा डढेलो लागेको सूचना प्राप्त हँदा पनि भौगोलिक विकटताले नियन्त्रण गर्न नसक्नु,

- भौगोलिक बनोट असजिलो भएका कारण अग्नी नियन्त्रक तथा अग्निरोधक साधन घटनास्थलसम्म पुग्न कठिनाई हुने र ढिला पुग्दा डढेलो धेरै फैलिएर नियन्त्रणमा कठीनाइ हुनु,
- स्थानीय स्तरमा अग्नी नियन्त्रण संयन्त्र प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन् नसक्नु,
- लुकीछिपी डढेलो लगाउने प्रवृतिका कारण दोषीलाई कानुनी कारवाहीमा ल्याउन कठिनाइ हुनु ,
- वन डढेलो नियन्त्रणमा अन्तर निकाय बिच समन्वय प्रभावकारी नहुनु,
- वन डढेलो सम्बन्धि नीति, ऐन, नियमहरु प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ,

## ५. वन डढेलो रोकथाम र नियन्त्रणका उपायः

वन डढेलोलाई रोकथाम र नियन्त्रण गर्न मुख्य दुई उपायहरु अवलम्बन गरिन्छ । पहिलोमा डढेलो लाग्नै नदिन गरिने क्रियाकलापहरु हुन भने दोस्रो वनमा डढेलो लागेपछि नियन्त्रण गर्न गरिने क्रियाकलापहरु पर्दछन्। वन डढेलो रोकथामको प्रतिरक्षात्मक उपयाहरु (Preventive Measures), निभाउने (Suppression) र पुनरुत्थान (Rehabilitation) कार्यक्रम कार्यान्वयन पर्दछन् ।

## ६. प्रतिरक्षात्मक उपायहरुः

वन डढेलो लाग्नु अगावै डढेलो लाग्नै नदिन गरिने विभिन्न क्रियाकलापहरु यस अन्तर्गत पर्दछन् । यस निम्न उपयाहरु प्रयोग गर्ने गरिएको छ ।

### ६.१प्रचार प्रसार

- रेडियो, टेलिभिजन, पत्रपत्रिका, पोष्टर, पम्प्लेट, होर्डिङ बोर्ड, भित्तेलेखन, नाटक, फेसबुक, गीत प्रतियोगिता, शैक्षिक भ्रमण, सभा, गोष्ठी, तालिम जस्ता कार्यक्रमहरु मार्फत डढेलो विरुद्धमा जनचेतना अभिवृद्धि गराउने ।

- तापक्रम, हावा र आद्रताको अवस्था, पातपतिङ्गरमा शुख्खापन कस्तो छ ? जमिनको चिसोपना, मोहडा, उचाई र भू-प्रकृति कस्तो छ ? सल्ला, चौडापाते, पतझर कस्तो वन हो ? विचार गरी वन डढेलोको खतरा समयको घोषणा गर्ने र होसियारी अपनाउन अनुरोध गर्ने ।
- डढेलोबाट वर्षेनी हुने क्षतिको जानकारी सार्वजनिक गर्ने ।
- हिउँदको समयमा वनमा जाँदा डढेलो सम्बन्धी अपनाउनु पर्ने सावधानी सम्बन्धमा सम्बन्धित स्थानहरुमा सूचना टाँस गर्ने ।
- वनमा घाँस एवं काठ, दाउरा संकलन गर्न तथा गाईवस्तु चराउन जानेहरुका लागि छुटै चेतना जागरण कार्यक्रम संचालन गर्ने ।
- प्रचलित ऐन नियममा समाविष्ट डढेलो सम्बन्धी दण्ड जरिवानाका प्रावधानहरु संचार माध्यमबाट जानकारी गराउने ।
- डढेलोबाट हुने क्षणिक फाइदा र दिर्घकालीन नराम्रा असर र प्रभावको सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने ।
- वन क्षेत्रका सडक, गोरेटो र पैदलबाटोको दायाँवायाँ रेहका सुकेका घाँसपात तथा काठ दाउराहरु सुख्खायम पूर्व नै हटाउने ।
- विन भित्र रहेका सुकेका काठ, दाउरा, घाँसपात तथा रुख कटान मुछान गर्दाका फोहोरहरु जस्ता ज्वलनशील पदार्थहरु हटाएर वन सफा राख्ने ।
- अग्नी रेखा निर्माण गर्ने, अग्नी रेखा नियमित सफा राख्ने एवं वन भित्र बिच बिचमा सदावहार प्रजातिको हरित पटी बनाउने, अग्नि नियन्त्रण रेखा वनको कुन भागमा बनाउने भन्ने सम्बन्धमा जंगलको भौगोलकि अवस्थामा, हावाको वहने दिशा, मोहडा, वनको प्रकार र संरचना विचार गरी तयार गर्ने ।
- वन भित्रका पर्यापर्यटन स्थल, वन भोजस्थल तथा क्यापिङ साइट वरपर सफा राख्ने ।
- वृक्षारोपण क्षेत्रमा राम्ररी गोडमेल र सरसफाई गर्ने ।
- नियन्त्रित वन डढेलो अभ्यास गर्ने, गराउने ।

## ७.सिमीतताः

यस कार्ययोजना अनुसार यस आ.व. मा दुईवटा गाउँपालिका छथर र आठराई विगतका वर्षहरुमा धेरै आगलागी भएका क्षेत्रहरुमा विशेष गरी लागु गरिने छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## ८. विस्तृत कार्ययोजनाः

### ८.१ प्रचार प्रसार एवं घर दैलो कार्यक्रम :

| क.स | कार्यक्रम | स्थान | निकाय | समन्वय | उपलब्धि |
|---|---|---|---|---|---|
| क) | जनचेतनामुलक पोस्टर टाँस गर्ने एवं पर्चाहरु वितरण | सार्वजनिक स्थलहरु (आगलागी प्रभावित क्षेत्र) | जि.प्र.का, इ.प्र.का प्र.चौ हरु । | डिभिजन वन कार्यालय,स्थानिय तह र स्थानिय व्यक्तिहरु | सर्वसाधारणहरु आगलागी नियन्त्रण को लागि गर्नु पर्ने एवं कानुनी कार्वाहीको बारेमा जानकार हुने । |
| ख) | घरदैलो कार्यक्रम | आगलागी बाट बढी मात्रामा प्रभावित क्षेत्र आठराइ र छथर गा.पा.का हरेक घर धुरीमा जानकारीमुलक पर्चा सहित प्रहरीको उपस्थिती रहनु पर्ने । | जि.प्र.का इ.प्र.का प्रहरी चौकीहरु । | डिभीजन वन कार्यालय, सामुदायीक वन उप भोक्ता समिति, स्थानिय तह | हरेक घरधुरीमा पुगी स्थानियहरुलाइ अनिवार्य जानकारी गराउने । |
| ग) | विद्यालय कार्यक्रम | आठराई,छथर र आगलागी हुने स्थानहरुमा जनचेतना मलक | जि.प्र.का इ.प्र.का प्रहरी चौकीहरु । | डिभीजन वन कार्यालय,सामुदायीक वन उप भोक्ता | विद्यार्थीहरुको तर्फबाट समेत गाउँ तथा स्थानिय |
| घ) | मिडिया संगको छलफल एंवम सुचना | जिल्ला स्तरिय मिडिया कर्मी र मिडियाहरु संग कार्यक्रम | जि.प्र.का इ.प्र.का प्रहरी चौकीहरु । | डिभिजन वन कार्यालय र मिडिया हाउस | जनस्तरमा सचेतना फैलाउने र सचेत हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्प्रेषण गर्ने | | | | |

## ८.२ वन डढेलो सम्बन्धमा सरोकार निकायहरुसंगको समन्वय

| क.स | कार्यक्रम | स्थान | निकाय | समन्वय | उपलब्धी |
|---|---|---|---|---|---|
| क) | डढेलो नियन्त्रण सम्बन्धि विपद व्यवस्थापन समिती वा बैठक | जिल्ला तेह्रथुम म्याङलुङ | स्थानिय विपद व्यवस्थापन समिति | स्थानिय तह | सबै सरोकार निकायहरुले आ-आफ्नो तर्फबाट आगलागी न्यूनिकरण सम्बन्धी पहल गर्ने । |
| ख) | अग्नी नियन्त्रण सामाग्री खरिद तथा वितरण | जिल्ला तेह्रथुम म्याङलुङ | स्थानिय विपद व्यवस्थापन समिति | तालुक कार्यालय | स्रोत साधनको उपलब्धता |

## ८.३ आगलागी नियन्त्रण संयन्त्रको विकास

| क.स | कार्याक्रम | स्थान | निकाय | समन्वय | उपलब्धी |
|---|---|---|---|---|---|
| क) | आगलागी भएमा तुरुन्त Response / नियन्त्रणको लागी Rapid Action Team को निर्माण | जिल्ला तह, गाउँपालिका ( छथर र आठराई आगलागी जोखिम रहेका स्थान) | जिल्ला प्रहरी, डिभिजन वन, स्थानिय तह , सरोकारवाला संघ संस्था | सुरक्षा निकाय | आगलागी नियन्त्रणको लागी तुरुन्त Response गरी आगलागी नियन्त्रण गर्न सकिने र संभावित क्षती न्यूनिकरण हुने । |

८.४ संचारकर्मीहरुसँगको हातेमालो कार्यक्रम।

८.५ विपद् व्यवस्थापन समिति र सरोकारवालाहरुसँगको समन्वय।

८.६ आगलागी नियन्त्रणको लागी (Action team) गठन।

८.७ राहत उपलब्धताको लागी पहल गर्ने।

## ९. निष्कर्षः-

तेह्रथुम जिल्ला विपद्का दृष्ट्रिकोणले अत्यन्तै संवेदनशील जिल्लाको रुपमा रहेको छ। विगतका प्रवृत्तिहरु अध्ययन गर्दा नियमित विपद्को रुपमा आगलागीको जोखिम अत्याधिक रहेको हुनाले आगलागी जन्य विपद् बाट हुने सम्भावित क्षतिको न्यूनिकरण गर्न "डढेलो तथा आगलागी नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना" निकाय पक्ष तथा आम नागिकहरुको संयुक्त प्रयासबाट आगलागी हुन नदिन तथा भएमा क्षति न्यूनीकरण गर्न अपरिहार्य देखिन्छ।

# अनुसुची- १

## सुरक्षा निकायको सम्पर्क विवरण

### नेपाली सेना

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | | कार्यालयको नम्बर | जम्मा जनशक्ति |
|---|---|---|---|---|---|
| | | दर्जा | नामथर | | |
| १. | म्याङलुङ्ग ब्यारेक, तेह्रथुम | सेनानी | प्रधुम्न कार्की | ९८५२०६१०९८ | गुल्म |

नेपाल प्रहरी

| सि. नं. | कार्यालय | कार्यालय प्रमुख | | कार्यालयको नम्बर | व्यक्तिगत नम्बर | जम्मा जनशक्ति |
|---|---|---|---|---|---|---|
| | | दर्जा | नामथर | | | |
| १ | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ | लिलाराज लामीछाने | ९८५२०९५५५५ | ९८५१२८४१५६ | १०१ |
| २ | ईलाका प्रहरी कार्यालय, बसन्तपुर | प्र.नि. | जस बहादुर लिम्बु | ९८५२०६०५०७ | ९८५१२८३०७० | ३६ |
| ३ | ईलाका प्रहरी कार्यालय, आठराई | प्र.नि. | बिशाल लिम्बु | ९८५२०६०३१३ | ९८५१२९३९६६ | ३१ |
| ४ | प्रहरी चौकी, जिरिखिम्ती | प्र.स.नि | राजेन्द्र कार्की | ९८५२०६०५२४ | ९८६२९७४२१३ | १० |
| ५ | प्रहरी चौकी, मोराहाङ | प्र.स.नि | नेत्र प्रसाद बास्तोला | ९८५२०६०३०६ | ९८४२३९९५१४ | ९ |
| ६ | प्रहरी चौकी, ओयाकजुङ्ग | प्र.स.नि | धन बहादुर बस्नेत | ९८५२०६०३०५ | ९८४०१९८०९० | ८ |
| ७ | प्रहरी चौकी, शुक्रबारे | प्र.ना.नि | दिलिप कुमार कार्की | ९८५२०६०३१८ | ९८४२६३१८५१ | ९ |
| ८ | प्रहरी चौकी, पोक्लाबाङ्ग | प्र.स.नि | दिल बहादुर खड्का | ९८५२०६०३०४ | ९८४२५२९००२ | ८ |
| ९ | प्रहरी चौकी, सम्दु | प्र.स.नि | नारायण बहादुर दर्जी | ९८५२०६०५०४ | ९८४२०५२४९४ | ५ |
| १० | प्रहरी चौकी, चुहाँनडाँडा | प्र.स.नि | श्रवण कुमार महतो | ९८५२०६०५१९ | ९८०७७२८५५९ | ७ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | प्रहरी चौकी, लसुने | प्र.स.नि | बिनोद बिक | ९८५२०६०३०९ | ९८०४३६५१४४ | ८ |
| १२ | प्रहरी चौकी, छातेढुङ्गा | प्र.स.नि | सुरज कुमार चौधरी | ९८५२०६०५२३ | ९८४८२९२२१७ | ६ |
| १३ | अस्थायी प्रहरी चौकी, ओखे | प्र.स.नि | संजय कुमार चौधरी | ९८५२०६०५०१ | ९८६०८४२६७९ | ६ |
| १४ | प्रहरी चौकी, म्याङलुङ्ग | प्र.व.ह. | एक बहादुर देउजा | - | ९८४२१३०७४० | ४ |
| १५ | कारागार सुरक्षा गार्ड तेह्रथुम | प्र.स.नि | शिवराम चौधरी | ९८५२०६०५२६ | ९८६०७००९५२ | १५ |
| १६ | अस्थायी प्रहरी पोष्ट, चित्रे | प्र.स.नि | कृष्ण बहादुर बस्नेत | ९८५२०६०५१६ | ९८६०८४२६७९ | ८ |
| १७ | सा.से.के.म्याङलुङ | प्र.व.ह. | लव थापा | ९८५२०६०३०१ | ९८११०५६६४३ | ६ |
| १८ | जिल्ला अस्पतालतेह्रथुम | प्र.स.ह. | तेज बहादुर राई | - | ९८५२०९०८९० | १ |
| १९ | जिल्ला न्यायधीश सुरक्षा गार्ड | प्र.व.ह. | दिपक कार्की | - | ९८४२६७८१७१ | ५ |
| २० | प्र.जि.अ.नि.गार्ड तेह्रथुम | प्र.ह. | थामजित राई | - | ९८४७२२५०३५ | ५ |
| २१ | DEOC तेह्रथुम | प्र.व.ह. | राज कुमार कुशवाह | ९८५२०२३५६६ | ९८४४०७४९२८ | १ |
| २२ | अस्थायी प्रहरी पोष्ट, शनिश्चरे | प्र.स.नि. | कृष्णदेव यादव | ९८५२०५३००६ | ९८४२१९१७१५ | ५ |
| २३ | अस्थायी प्रहरी पोष्ट, ह्राकु | प्र.स.नि. | सुरेन्द्र कुमार शेर्मा | ९७६७७७१७२० | ९८४२१४१००९ | ७ |
| २४ | जिट्राप्रका तेह्रथुम | प्र.स.नि. | उमेश बस्नेत | ९८५२०६०३०८ | ९८६५४१६२०२ | ४ |
| २५ | अट्राप्रका म्याङ्लुङ तेह्रथुम | प्र.ज. | राज कुमार थापा | - | ९८६३७७८५६३ | २ |
| २६ | अट्राप्रका शुक्रवारे तेह्रथुम | प्र.ज. | अजय कुमार यादव | - | ९८६७५२९०९७ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | अट्राप्रका आठराई तेह्रथुम | प्र.ह. | बिरेन्द्र प्रसाद कलवार | - | ९८४९२११३४४ | १ |
| २८ | अट्राप्रका जिरिखिम्ती तेह्रथुम | प्र.ज. | ललितहाङ लिम्बु | - | ९८४६९६७९५० | १ |
| २८ | पर्यटक सहायता प्रहरी बसन्तपुर तेह्रथुम | प्र.स. नि. | अशोक राई | ९८५२०३८०६० | ९८१३८६२८३१ | ३ |
| | जम्मा | | | | | ३१४ |

## सशस्त्र प्रहरी बल नेपाल

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | | कार्यालयको नम्बर | व्यक्तिगत नम्बर | जम्मा जनशक्ति |
|---|---|---|---|---|---|---|
| | | दर्जा | नामथर | | | |
| १ | सशस्त्र प्रहरी वल, नेपाल नं ३ गुल्म, हे.क्वा, म्याङलुङ, तेह्रथुम। | स.प्र.ना.उ | किरण प्रकाश खत्री | | ९८५१२५९०९५ | ५४ |
| २ | सशस्त्र प्रहरी वल, नेपाल सुरक्षा वेश, संक्रान्तिबजार, तेह्रथुम। | स.प्र.नि | दिप नरसिंह राई | ९८६२६६५३७८ | ९८५१२६६२०० | १७ |
| | जम्मा | | | | | ७१ |

## राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | | कार्यालयको नम्बर | व्यक्तिगत नम्बर | जम्मा जनशक्ति |
|---|---|---|---|---|---|---|
| | | दर्जा | नामथर | | | |
| १ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. | सबिना राई | ९८५२०६०१४९ | ९८६२१७७९७१ | ७ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

अनुसुची- २

आगलागी सम्बन्धी सामग्री

| क.सं. | आगलागी सम्बन्धी सामग्री रहेको कार्यालयको नाम | उपलब्ध सामग्रीको विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम/जिल्ला आपत कालीन कार्य सञ्चालन केन्द्र(DEOC) | त्रीपाल | १६ | थान | |
| | | Portable structure | १ | थान | |
| | | First aid box | ३ | थान | |
| | | Electric chain saw | १ | थान | |
| | | Generator | १ | थान | |
| | | Rotary rescue saw | १ | थान | |
| | | Reciprocating saw | १ | थान | |
| | | Rotary hammer drill | १ | थान | |
| | | Gloves | १४ | थान | |
| | | Helmet | २० | थान | |
| | | Thermas | १० | थान | |
| | | Torch light | १० | थान | |
| | | Fire Rack | १० | थान | |
| | | Shovel | १० | थान | |
| | | Face Mask | ६ | थान | |
| २ | शत्रुमर्दन गुल्म,तेह्रथुम। | Safety Helmet | ३५ | गोटा | |
| | | Dynamic Rope | १०० | मिटर | |
| | | Static Rope | १०० | मिटर | |
| | | Nylon Rope | १०० | मिटर | |
| | | Fire Boot | १० | जोर | |
| | | Rappelling Descender | १० | गोटा | |
| | | Carabineer | १० | गोटा | |
| | | Ascender/Descender | १० | गोटा | |
| | | Full Body Harness | १० | गोटा | |
| | | Seat Harness | १० | गोटा | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

| क्र.सं. | आगलागी सम्बन्धी सामग्री रहेको कार्यालयको नाम | उपलब्ध सामग्रीको विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| | | Chest Harness | १० | गोटा | |
| | | Portable Air Ventilator Fan System | १ | गोटा | |
| | | Fire Jump Suit | २० | सेट | |
| | | Fire Rake | १० | गोटा | |
| | | Fire Beater | १० | गोटा | |
| | | Handheld Gasoline Rock Drill Machine | १ | गोटा | |
| | | Water Life Jacket | १० | गोटा | |
| | | Stretchers | १० | गोटा | |
| | | Fire Extinguisher | १० | गोटा | |
| | | First Aid Kit (Medical Box) | १० | गोटा | |
| | | Fire Extinguisher Ball | १० | गोटा | |
| | | Gasoline Generator | २ | गोटा | |
| ३ | सशस्त्र प्रहरी बल, नेपाल नं.३ गुल्म हे.क्वा.म्याङ्लुङ्ग तेह्रथुम | स्विमिङ्ग ज्याकेट | ५ | थान | |
| | | फायर एक्टिङ्ग गुईसर | ५ | गोटा | |
| | | फरुवा | ३ | गोटा | |
| | | वेल्चा | १८ | गोटा | |
| | | गैती | १६ | गोटा | |
| | | चेनस | १ | गोटा | |
| | | कटर मेसिन | १ | गोटा | |
| | | वोल्ट कटर | १ | गोटा | |
| | | डेमी ब्रेकर | १ | गोटा | |
| | | क्याराविना लक | ४ | गोटा | |
| | | क्याराविनाअन लक | ५ | गोटा | |
| | | फिगर | ३ | गोटा | |
| | | डाईना मिकरोप | ५० | मिटर | |
| | | स्टाटिकरोप | १०० | मिटर | |

| क्र.सं. | आगलागी सम्बन्धी सामग्री रहेको कार्यालयको नाम | उपलब्ध सामग्रीको विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| | | सिट हार्नेस | ३ | थान | |
| | | फायर बल | ८ | थान | |
| | | फायर पम्पपाइप | १ | रोल | |
| | | पिक | १३ | थान | |
| | | गल | १८ | थान | |
| | | आरा | ३ | थान | |
| | | आल्मुनियम बाल्टिन | १० | थान | |
| | | बोल्ट कटर | १ | थान | |
| | | जुमर | ३ | गोटा | |
| | | जेट सुटर | १ | गोटा | |
| | | फायर पम्प | १ | सेट | |
| | | प्लाष्टिक हेल्मेट | ३० | गोटा | |
| | | फायर स्वाटर | ६ | गोटा | |
| | | फायर रेक | ६ | गोटा | |
| | | जम सुट | ६ | गोटा | |
| ४ | सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश संक्रान्ति तेह्रथुम | झम्पल | ५ | गोटा | |
| | | बेल्चा | ३ | गोटा | |
| | | गैती | २ | गोटा | |
| | | प्लाष्टिक हेल्मेट | २४ | गोटा | |
| | | सिलिभर बाल्टिन | ३ | गोटा | |
| | | सिलिभर जग | ५ | गोटा | |
| | | फरुवा | २ | गोटा | |
| | | हातेआरा | १ | गोटा | |
| | | बन्चरो | १ | गोटा | |
| | | त्रिपाल | १ | गोटा | |
| ५ | जिल्ला प्रहरी | हेल्मेट | १२१ | थान | |

| क्र.सं. | आगलागी सम्बन्धी सामग्री रहेको कार्यालयको नाम | उपलब्ध सामग्रीको विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| | कार्यालय तथा मातहतका प्रहरी चौकीहरू | लाइफ ज्याकेट | ३४ | थान | |
| | | गैंती | ५६ | थान | |
| | | झम्पल | ५६ | थान | |
| | | स्ट्रेचर | २६ | थान | |
| | | बेल्चा/फरूवा/कोदालो | १०७ | थान | |